# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, असार १२ गते २०४६ साल (संख्या ११

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

नेपाल तथ्यांक सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०४६

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३, ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यी नियमहरूको नाम "नेपाल तथ्यांक सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०४६" रहेको छ ।

१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

२.१.१ "सेवा" भन्नाले नेपाल तथ्यांक सेवा सम्झनुपर्छ ।

२.१.२ "श्रेणी वा श्रेणीको तह" भन्नाले यस नियमावलीबमोजिम व्यवस्था गरिएको सेवाको श्रेणी वा श्रेणीको तह सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१.३ "समूह" भन्नाले सेवाभित्र रहेका पदहरूको कामको प्रकृति र ती कामलाई सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा श्री ५ को सरकारले विभाजन गरेको समान प्रकृतिको पदहरूको समूह सम्झनुपर्छ ।

३. सेवाको गठनः नेपाल तथ्यांक सेवा गठन गरिएको छ ।

४. सेवामा रहने श्रेणी, श्रेणीको तह, समूह र पदः

४.१ सेवामा देहायका श्रेणीहरू रहनेछन् ।

४.१.१ विशिष्ट श्रेणी,

४.१.२ प्रथम श्रेणी,

४.१.३ द्वितीय श्रेणी,

४.१.४ तृतीय श्रेणी ।

४.२ सेवाको प्रथम श्रेणी र द्वितीय श्रेणीमा देहायका तहहरू रहनेछन्:–

४.२.१ प्रथम श्रेणीः–

४.२.१.१ अतिरिक्त सचिव वा सो सरह,

४.२.१.२ सह-सचिव वा सो सरह ।

४.२.२ द्वितीय श्रेणीः–

४.२.२.१ उप-सचिव वा सो सरह,

४.२.२.२ सहायक सचिव वा सो सरह ।

४.३ सेवामा रहने समूहहरू अनुसूची–१ मा तोकिएबमोजिम हुनेछन् ।

४.४ सेवाको विभिन्न श्रेणी वा श्रेणीको तहमा रहने पदको नामहरू अनुसूची–२ मा तोकिएबमोजिम हुनेछन् ।

४.५ श्री ५ को सरकारले सेवाको विभिन्न पदमा हाल बहाल रहेका कर्मचारीलाई निजहरू बहाल रहने समूहमा पदसहित निर्धारण गरी त्यसको सूचना सम्बन्धित कर्मचारीहरूको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

४.६ उप-नियम ४.५ बमोजिम सेवामा बहाल रहेका कर्मचारीहरूको समूह निर्धारण भएपछि कर्मचारीले सेवाको एक समूहबाट अर्को समूहमा परिवर्तन गर्न पाउनेछैन ।

४.७ उप-नियम ४.६ मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाको कुनै कर्मचारीले आफ्नो शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा सेवाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२८

एक समूहबाट अर्को समूहमा परिवर्तन गर्न चाहेमा निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन परेमा श्री ५ को सरकारले मनासिब देखेमा त्यस्तो कर्मचारीको समूह परिवर्तन गर्न सक्नेछ ।

तर त्यसरी समूह परिवर्तन गरिएको कर्मचारीले परिवर्तन भएको समूहभित्र बढुवाको लागि समूह परिवर्तन भएको मितिले एक वर्षसम्म सम्भाव्य उम्मेदवार बन्न पाउनेछैन ।

५. रिक्त पदको पूर्ति र बढुवा :

५.१ सेवाअन्तर्गतको समूहमा रिक्त भएको पदको पूर्ति देहायबमोजिम हुनेछः—

५.१.१ विशिष्ट श्रेणीको पद रिक्त भएमा प्रथम श्रेणीका अतिरिक्त सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

५.१.२ प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पद रिक्त भएमा प्रथम श्रेणीका सह-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

५.१.३ प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पद रिक्त भएमा द्वितीय श्रेणीको उप-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

५.१.४ द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पद रिक्त भएमा द्वितीय श्रेणीका सहायक सचिव वा सो सरहका कर्मचारीहरू-मध्येबाट बढुवाद्वारा,

५.१.५ द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पद रिक्त भएमा तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

५.१.६ तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा स्थायी रूपले घटीमा पाँच वर्षसम्म अटूट सेवा गरेका कर्मचारीहरूमध्येबाट उप-नियम ५.३ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवा-द्वारा ।

५.२ उप-नियम ५.१ बमोजिम रिक्त पद पूर्ति गर्दा त्यस्तो पद जुन समूह-भित्रको हो सोही समूहको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर उप-नियम ५.१.१ र ५.१.२ बमोजिम पद पूर्ति गर्दा सेवाअन्तर्गतको जुनसुकै समूहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गर्न सकिनेछ।

५.३ उप-नियम ५.१.६ बमोजिम तृतीय श्रेणीको पद पूर्ति गर्दा जम्मा रिक्त पदहरूको पच्चीस प्रतिशतसम्म पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा रिक्त पदको समूहसंग घनिष्ट रूपले सम्बन्धित र श्री ५ को सरकारद्वारा समय-समयमा निर्धारित शैक्षिक योग्यता पुगेका कर्मचारीहरू-मध्येबाट बढुवाद्वारा गरिनेछ।

स्पष्टीकरण: यस उप-नियमको प्रयोजनको लागि "घनिष्ट रूपले सम्बन्धित" भन्नाले समूहभित्र रिक्त रहेका राजपत्राङ्कित तृतीय श्रेणीका पदहरूमा रही गर्नुपर्ने कामसित घनिष्ट रूपले सम्बन्धित भएको हुनुपर्छ। उदाहरणार्थः– डेमोग्राफी समूहमा पदोन्नतिको लागि सम्भाव्य उम्मेदवार हुनलाई डेमोग्राफी समूहसंग सम्बन्धित काम गरिरहेको हुनुपर्छ।

५.४ तृतीय श्रेणीको रिक्त पदमा बढुवा हुन कुनै कर्मचारी रिक्त पदको समूहसँग घनिष्ट रूपले सम्बन्धित छ छैन भन्ने प्रश्न उठेमा श्री ५ को सरकारले गरेको निर्णय अन्तिम हुनेछ।

६. नयाँ नियुक्ति:

६.१ स्वीकृत शिक्षण संस्थाबाट सम्बन्धित समूहमा नियुक्तिको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको र निजामती सेवा नियमावली, २०२१ बमोजिम कुनै अयोग्यता नभएको व्यक्ति सेवाको सम्बन्धित समूहको तृतीय श्रेणीमा नयाँ नियुक्तिको लागि योग्य मानिनेछ।

६.२ सेवाको तृतीय श्रेणीमा नयाँ नियुक्ति भएका प्रत्येक कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ र सो अवधिमा निजले श्री ५ को सरकारबाट निर्धारित गरिएको कुनै प्रशिक्षण पूरा गर्नुपर्ने वा परीक्षा दिनुपर्ने भएमा त्यस्तो प्रशिक्षण पूरा गरेको र परीक्षामा उत्तीर्ण भएको हुनुपर्नेछ।

तर श्री ५ को सरकारले आवश्यक सम्झेमा कुनै कर्मचारीको परीक्षणकालको अवधि अर्को एक वर्षसम्म बढाउन सक्नेछ।

६.३ उप-नियम ६.२ बमोजिम परीक्षणकालमा राखिएका कुनै कर्मचारीको काम सन्तोषजनक छ र निजले उप-नियम ६.२ मा लेखिएका शर्तहरू पनि पूरा गरेको छ भने श्री ५ को सरकारले निजको नियुक्ति सदर गर्नेछ। नियुक्ति सदर नभएका कर्मचारीलाई सेवाबाट हटाइनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.४ उप-नियम ६.२ बमोजिम परीक्षणकालमा राखिएको कर्मचारीको नियुक्ति सदर भएमा सो परीक्षणकालमा रहेको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

६.५ उप-नियम ६.१ बमोजिम सेवाअन्तर्गतका समूहहरूमा नयाँ नियुक्ति हुन आवश्यक न्यूनतम शैक्षिक योग्यता अनुसूची–३ मा तोकिएबमोजिम हुनेछ।

६.६ बढुवाको प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको शैक्षिक योग्यता भन्दा माथिको सम्बन्धित उपाधि श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

७. अनुसूचीमा हेरफेर वा थपघटः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

८. सरुवाः कर्मचारीको शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा बाहेक कुनै समूहको कर्मचारीलाई अर्को समूहमा सरुवा गर्न सकिनेछैन ।

९. बचाउः यी नियमहरूमा लेखिएजतिमा यी नियमहरूबमोजिम र अरूमा निजामती सेवा नियमावली, २०२१ बमोजिम हुनेछ ।

## अनुसूची–१
(नियम ४.३ संग सम्बन्धित)

### सेवामा रहने समूहहरूको सूची

(१) जनरल स्टाटिस्टिक्स
(२) बायो स्टाटिस्टिक्स
(३) एग्रीकल्चर स्टाटिस्टिक्स
(४) डेमोग्राफी

## अनुसूची–२
(नियम ४.४ संग सम्बन्धित)

### सेवामा रहने पदहरूको नाम

**राजपत्राङ्कित विशिष्ट श्रेणी**

श्री ५ को सरकारले समय-समयमा तोकेबमोजिम ।

**राजपत्राङ्कित प्रथम श्रेणी (अतिरिक्त सचिव वा सो सरह)**

सिनियर कन्सल्टिङ्ग स्टाटिस्टिक्सियन ।
श्री ५ को सरकारले समय-समयमा तोकेबमोजिम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव वा सो सरह)

–महानिर्देशक

–कन्सलटिङ्ग स्टाटिस्टिक्सियन

–श्री ५ को सरकारले समय-समयमा तोकेबमोजिम ।

राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिव वा सो सरह)

–सिनियर स्टाटिस्टिकल अफिसर ।

–श्री ५ को सरकारले समय-समयमा तोकेबमोजिम ।

राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव वा सो सरह)

–स्टाटिस्टिकल अफिसर ।

–श्री ५ को सरकारले समय-समयमा तोकेबमोजिम ।

राजपत्राङ्कित तृतीय श्रेणी (शाखा अधिकृत वा सो सरह)

–असिष्टेण्ट स्टाटिस्टिकल अफिसर ।

–श्री ५ को सरकारले समय-समयमा तोकेबमोजिम ।

## अनुसूची-३

(नियम ६.५ संग सम्बन्धित)

तथ्यांक सेवाअन्तर्गत समूहहरूको शैक्षिक योग्यताः–

| समूह | आवश्यक योग्यता |
| --- | --- |
| (क) जनरल स्टाटिस्टिक्स | –तथ्यांक शास्त्रमा स्नातकोत्तर उपाधि<br>वा<br>गणित शास्त्रमा स्नातकोत्तर उपाधि<br>वा<br>कुनै विषयमा स्नातकोत्तर उपाधि सहित कम्तीमा तथ्यांक वा तथ्यांकको कुनै एक क्षेत्रमा ६ महीनाको तालीम वा डिप्लोमा<br>वा<br>तथ्यांकसहित कुनै विषयमा स्नातकोत्तर र कम्तीमा १ महीनाको तालीम<br>वा<br>स्नातक तहमा तथ्यांक विषयसहित स्नातकोत्तर उपाधि वा सो सरह |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ख) एग्री स्टाटिस्टिक्स —एग्री स्टाटिस्टिक्स वा एग्री स्टाटिस्टिक्स सहित तथ्यांकमा स्नातकोत्तर उपाधि

वा

तथ्यांक शास्त्रमा स्नातकोत्तर उपाधि

वा

एप्लाइड स्टाटिस्टिक्समा स्नातकोत्तर उपाधि

वा

तथ्यांकसहित गणितमा स्नातकोत्तर उपाधि र कृषि तथ्यांकमा कम्तीमा ३ महीनाको तालीम

(ग) बायो स्टाटिस्टिक्स —स्वास्थ्य तथ्यांकमा स्नातकोत्तर उपाधि

वा

स्वास्थ्य तथ्यांकसहित स्नातकोत्तर उपाधि

वा

तथ्यांक वा गणितमा स्नातकोत्तर उपाधि र स्वास्थ्य तथ्यांकमा कम्तीमा २ महीनाको तालीम

वा

तथ्यांक वा गणित सहित स्नातकोत्तर र स्वास्थ्य तथ्यांकमा कम्तीमा ६ महीनाको तालीम वा डिप्लोमा वा सो सरह

(घ) डेमोग्राफी —डेमोग्राफी वा पोपुलेशन स्टडिजमा स्नातकोत्तर

वा

डेमोग्राफी वा पोपुलेशन स्टडिज सहित कुनै विषयमा स्नातकोत्तर उपाधि

वा

कुनै विषयमा स्नातकोत्तर उपाधि र डेमोग्राफी वा पोपुलेशन स्टडिजमा डिप्लोमा वा कम्तीमा ६ महीनाको तालीम वा सो सरह

## सूचना २

श्री ५ को सरकारले नेपाल निजामती सेवा ऐन, २०१३ को अनुसूची भाग (क) को नम्बर १० ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूची भाग (क) मा नेपाल तथ्यांक सेवालाई समावेश गर्ने गरी तोकेको छ ।

आज्ञाले,

विमलराज बस्नेत

श्री ५ को सरकारको सचिव



१२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार